DAO Regd. 284/049-50/#569

Let's Build e-Nepal: Together We CAN

कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ)
Federation of Computer Association Nepal (CAN Federation)
Po Box: 4982, Khusibu, Kathmandu, Nepal, Tel.:+977 1 4981070, 4982090
E-mail: info@can.org.np, URL: https//can.org.np

प्रेस विज्ञप्ति

क्यान महासंघको नाम, लेटरहेड, छाप तथा दर्ता-चलानी नम्बरको अनधिकृत प्रयोग सम्बन्धमा।

कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ) को नाम, आधिकारिक लेटरहेड, छाप तथा दर्ता-चलानी नम्बर अनधिकृत रूपमा प्रयोग गरी कार्यवाहक अध्यक्ष चिरञ्जीवी अधिकारीको नामबाट विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था एवं सरकारी निकायमा पत्राचार भइरहेकोप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

क्यान महासंघको आधिकारिक पत्राचार विधान, संस्थागत निर्णय र सचिवालयको निर्धारित प्रक्रियाअनुसार अधिकारप्राप्त निकायबाट मात्र हुने स्पष्ट व्यवस्था रहेको छ। यसविपरीत जारी गरिएका कुनै पनि पत्र, निर्णय वा सूचना क्यान महासंघको आधिकारिक धारणा वा निर्णय नरहेको स्पष्ट गरिन्छ।

महासंघको नाम, लेटरहेड, छाप वा दर्ता–चलानी नम्बरको अनधिकृत प्रयोग तत्काल बन्द गर्न सम्बन्धित सबैलाई सचेत गराइन्छ। यस्ता गतिविधि पुनः दोहोरिएमा वा त्यसबाट संस्थाको प्रतिष्ठा, अधिकार वा कामकारबाहीमा असर पुग्ने अवस्था सिर्जना भएमा सम्बन्धित व्यक्ति वा पक्षविरुद्ध महासंघको विधान तथा प्रचलित कानूनबमोजिम आवश्यक संस्थागत एवं कानुनी कारबाही अघि बढाइनेछ।

अतः क्यान महासंघको नामबाट प्राप्त कुनै पनि पत्राचार वा निर्देशनको आधिकारिकता महासंघको सचिवालयबाट पुष्टि नगरी कार्यान्वयन नगर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, सरकारी निकाय, सदस्य संस्था तथा सम्पूर्ण सरोकारवालालाई अनुरोध गरिन्छ।

FEDERATION OF COMPUTER ASSOCIATION NEPAL
CAN Federation
1992

चन्द्रविलास भुर्तेल
महासचिव
क्यान महासंघ